# सिथु च्यारोङ् (Jiarong, Situ)




**Population:**
161,550 (2000)
199,550 (2010)
245,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 2

## संक्षेप:

**अन्य नामहरू:** Eastern Jiarong, Eastern Jyarung, Gyarong, Gyarung, Rgyarong, Chiarong, Jarong, Chiajung, Situ

**जनसंख्या:**
चीन : २,३७,००० (PeopleGroups.org)

**उपभाषाहरू:** ४ (Lixian, Jinchuan, Xiaojin, Barkam)

**तिब्बती बुद्ध धर्म:** ९०%

**इसाई धर्म:** ०.०१%

**बाइबल:** छ

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन




इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार करिब २,३७,००० जना सिथु जातिका मानिसहरू चीनको शिचुआन प्रान्तमा बसोबास गर्छन्। सिथु च्यारोङ् जाति नै चीनको च्यारोङ् जातिहरूमध्ये प्रबल जाति हो। यिनीहरू शिचुआन प्रान्तको मध्य भागमा लि, शियाव्चिन, वेच्युअन जिल्लाहरूमा साथै चिन्चुअन र पर्कम जिल्लाहरूको कुनै-कुनै भागहरूमा बसोबास गर्छन्। धेरैजसो सिथु मानिसहरू चेकु पहाडहरूमा उत्पन्न हुने साकुनाओ र मिन नदीहरूको माथिल्लो भेगहरूमा भी (V) आकारमा भएको एउटा उपत्यकामा बसोबास गर्छन्।

सिथु भन्ने नाम च्यारोङ् जातिका चार वटा कुलहरूको परम्परागत वास गर्ने ठाउँको नाम हो। यिनीहरूले बोल्ने भाषाको नाम पनि यही नै हो; साथै यसलाई नै जातिको नामको रूपमा पनि स्वीकार गरियो। च्यारोङ् जातिका उप-भागहरू आधिकारिक रूपमा तिब्बतीहरूको सूचीमा नै जोडिएको छ।

च्यारोङ् मानिसहरू प्रायः किसानहरू हुन्। सहरमा बस्ने कुनै-कुनै च्यारोङ्हरू व्यापारमा सहभागी भएका छन्। प्रायजसो च्यारोङ्हरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउने भए तापनि धेरै च्यारोङ्हरू चियाङ् मानिसहरूको धेरै देवता मान्ने सिद्धान्तलाई पनि पछ्याइरहेका छन्।

ख्रीष्ट येशूको बारेमा थोरैलाई मात्र थाहा छ। च्यारोङ् मानिसहरूको बीचमा पहिलो पल्ट




सन् १९०० मा या-अनमा कार्यस्थल भएको अमेरिकन ब्याप्टिष्टहरूद्वारा र सन् १९१० मा द बोर्डर मिशन अफ द चर्च अफ क्राइष्ट इन चाइनाद्वारा सुसमाचार प्रचार गरियो। यिनीहरूका प्रयासलाई एउटा लेखकले यसरी छोटकरीमा बताउनुभयो: "यो शताब्दीको पहिलो आधा समयहरूमा च्यारोङ् मानिसहरूको नजिकै बसोबास गर्ने कुनै मिशनरीहरूले यिनीहरू बसोबास गर्ने भागहरूमा यात्रा गरे। यी यात्राहरूले कुनै सुसमाचारीय पर्चाहरूलाई यिनीहरूको भाषामा अनुवाद गर्न बाटो बनायो; तर सन् १९३० मा च्यारोङ् भाषालाई विशेष रूपमा अनुसन्धान गर्ने र सिक्ने काम सुरु हुने बेलासम्म अरू कुनै पनि काम भएन। सन् १९३६ मा लाल सेनाले यी भागहरूलाई आक्रमण गर्दा योनाको पुस्तकको पहिलो अनुवादको काम भइरहेको थियो, तर युद्धमा सबै कागजहरू नष्ट भए।" यी समयसम्ममा दुई जना मात्र च्यारोङ् विश्वासीहरू छन्। यिनीहरू नै ठूलो कटनीको पहिलो फल हुन सकोस् !